रु १०००।- (एक हजार रुपैया मात्र)

नगदी रसिद नं ... ... ... ...

मिति ... ... ... ...

दस्तखतः ... ... ... ...

# पर्दा कपडा तथा लिनोलियम कार्पेट आपुर्ति कार्यको दरभाउपत्र फारम

## सूचना नं २४/०७४/०७५


## हेटौंडा सिमेन्ट उद्योग लि

केन्द्रिय कार्यालय,लामसुरे हेटौंडा

फोन नं (०५७) ४१२८५२/४१३०२०

फ्याक्स नं ००९७७-५७-४१२१२३

**E-mail: info@hetaudacement.org.np**

**website www.hetaudacement.org.np.**

# बिषय सूची

१) दरभाउपत्र आव्हान सूचना नं २४/०७४/०७५

२) दरभाउपत्र सम्बन्धि दरभाउपत्रदाताहरुलाई दिइएको निर्देशन

३) सम्झौताका शर्तहरु

४) सम्झौता पत्र

५) मूल्य विवरण तालिका

६) नमुना फारमहरु:

क) दरभाउपत्र पेश गरेको निबेदन

ख) दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरु

ग) दरभाउपत्र दाताको जानकारी सम्बन्धी विवरण

घ) संयुक्त उपक्रम सम्बन्धी विवरण

ङ ) दरभाउपत्र स्वीकृत गर्ने आशयपत्र

च) बिड बण्डको नमूना

छ) कार्य सम्पादन जमानतको नमूना

# १) दरभाउपत्र आव्हानको सूचना

# पर्दा कपडा तथा लिनोलियम कार्पेट आपूर्ति कार्यको दरभाउपत्र आव्हान

सूचना नं २४/०७४/०७५

(सूचना प्रकाशित मिति २०७५/०१/२३)

१) यस उद्योगको लागि नमुना वमोजिमको पर्दा कपडा तथा लिनोलियम कार्पेटको आवश्यक भएकोले तोकिएको योग्यता पुगेका इच्छुक पंजिकृत फर्म/ आपूर्तकहरु, उत्पादक वा निजको अधिकृत विक्रेताहरुबाट शिलवन्दी दरभाउपत्र प्रस्ताव आव्हान गरिन्छ ।

२) ईच्छुक दरभाउपत्रदाताहरुले दरभाउपत्र सम्बन्धि थप कुरा बुझ्न परेमा वा दरभाउपत्र फारम हेर्न चाहेमा उद्योगको वेवसाइट www.hetaudacement.org.np वा www.bolpatra.gov.np तथा केन्द्रिय कार्यालय, खरिद विभागमा सम्पर्क राख्न सकिनेछ ।

३) इच्छुक दरभाउपत्रदाताहरुलाई दरभाउपत्र प्रस्ताव पेश गर्नु भन्दा पहिले उद्योगको खरिद विभागमा सम्पर्क गरी नमुना हेरी/बुझि प्रस्ताव पेश गर्न अनुरोध गरिन्छ ।

४) इच्छुक दरभाउपत्रदाताहरुले नविकरण भएको फर्मदर्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी निवेदन दिई दरभाउपत्र फाराम वापत प्रति थान रु.१०००।-(एक हजार) (फिर्ता नहुने) तिरी उद्योगको केन्द्रीय कार्यालय, हेटौंडा वा शाखा कार्यालय, अनामनगर, काठमाण्डौं (फोन नं.०१–४२६९०९९) बाट सूचना प्रकाशित मितिले १५ औं दिन १५:०० बजे भित्र खरिद गरि सक्नु पर्नेछ । विद्युतिय प्रस्ताव www.bolpatra.gov.np द्वारा पेश गर्न ईच्छुक दरभाउपत्रदाताहरुले उपरोक्त अनुसारको फिर्ता नहुने रकम हे.सि.उ.लि.मा नगद जम्मा गरेको रसिद वा बैंक भौचरको प्रतिलिपि समेत समावेस गर्नु पर्नेछ ।

५) दरभाउपत्रदाताले सूचना प्रकाशित मितिले १६ औं दिनको १५:०० बजे भित्र वा सो भन्दा अगाडि उद्योगको उपरोक्त दुई वटै कार्यालयहरुमा दरभाउपत्र प्रस्ताव दर्ता गराउन सकिने छ । ढिलागरी प्राप्त प्रस्ताव स्वीकार हुने छैन ।

६) दरभाउपत्र प्रस्तावको म्याद दरभाउपत्र खोलेको मितिले कम्तीमा ४५ दिन सम्म मान्य हुनु पर्नेछ र दरभाउपत्र साथ विडवण्ड धरौटी वापतको रकम रु.२५,०००।००(पच्चिस हजार मात्र) उद्योगको दरभाउपत्र फारमको दफा २.४ मा उल्लेख भएका बैक खाताहरु मध्ये कुनै एक खातामा नगद जम्मा गरेको सक्कल बैक भौचर वा “क” श्रेणीको वाणिज्य बैकबाट उद्योगको नाममा जारी भएको बैंक जमानत शिलवन्दी दरभाउपत्र प्रस्ताव साथ पेश गर्नु पर्नेछ । बैंक ग्यारेन्टी दरभाउपत्र खोलेको मितिले कम्तीमा ७५ दिन सम्म मान्यता भएको हुनु पर्नेछ । विद्युतिय प्रस्ताव पेश गर्ने दरभाउपत्रदाताहरुले दरभाउपत्र प्रस्ताव खुलेको मितिले ७ दिन भित्र दरभाउपत्र फारम खरिद वापतको सक्कल बैंक भौचर र Bid Bond सहितको सक्कल दरभाउपत्र (Hard Copy) पेश गरिसक्नु पर्नेछ ।

७) विद्युतिय प्रस्ताव तथा प्राप्त दरभाउपत्र प्रस्तावहरु १७ औं दिन १५:०० बजे केन्द्रीय कार्यालय, हेटौंडामा दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधीको रोहबरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

८) दरभाउपत्र फाराम बिक्री गर्ने, दर्ता गर्ने अन्तिम दिन तथा खोल्ने दिन यस उद्योगमा विदा पर्न गएमा क्रमशः विदा पछि कार्यालय खुलेको दिन उल्लेखित समय र स्थानमा दरभाउपत्र फाराम विक्री गर्ने, दर्ता गर्ने तथा खोल्ने कार्य हुनेछ । कारणबस तोकिएको मिति भन्दा पछि दरभाउपत्रप्रस्ताव दर्ता र खोल्ने कार्य भएमा दरभाउपत्रप्रस्तावको म्याद र विड वण्डको म्याद गणना गर्दा पूर्व निर्धारित मिति देखि लागु हुने गरी गणना गरिने छ ।

९) म्याद नाघी प्राप्त भएको वा रित नपुगेको दरभाउपत्रप्रस्ताव वा सबै प्रस्तावहरु कुनै कारण नजनाई रद्द गर्न सक्ने अधिकार यस उद्योगमा सुरक्षित रहनेछ ।

हेटौंडा सिमेण्ट उद्योग लि.
केन्द्रीय कार्यालय, हेटौंडा
फोन नं. ०५७-४१२८५२, ४१३०२०
इमेल: info@hetaudacement.org.np
Website : www.hetaudacement.org.np

# २) दरभाउपत्र सम्वन्धी
# दरभाउपत्रदाताहरुलाई दिइएको निर्देशन

# २) दरभाउपत्र सम्बन्धि दरभाउपत्रदाताहरुलाई दिइएको निर्देशन

२.१ यस उद्योगको लागि पर्दा कपडा तथा लिनोलियम कार्पेट आवश्यक भएकोले तोकिएको योग्यता पुगेका इच्छुक पंजिकृत फर्म/आपूर्तकहरु, उत्पादक वा निजको अधिकृत विक्रेताहरुबाट शिलवन्दी दरभाउपत्र प्रस्ताव आव्हान गरिन्छ ।

२.२ निम्न योग्यता भएका फर्म तथा आपूर्तकहरुले नोटरी पब्लिकबाट प्रमाणित गरिएका देहायका कागजातहरु पेश गरी यो दरभाउपत्रमा भाग लिन सक्ने छन् ।

(क) नविकरणको म्याद भएको फर्म/ कम्पनी दर्ता प्रमाणपत्र ।

(ख) व्यवसाय दर्ताको इजाजत पत्र ।

(ग) मु.अ.कर दर्ता प्रमाण पत्र ।

(घ) आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाण पत्र ।

(ङ) दरभाउपत्रदाता स्वयमले आफ्नो फर्म/आपूर्तक कम्पनी दरभाउपत्रमा सहभागी हुन अयोग्य नभएको, दरभाउपत्र सम्बन्धी कार्यमा कुनै गलत मनसाय नभएको र अहिले सम्म पेशा वा व्यवसायजन्य अपराध गरे वापत कुनै किसिमको दण्ड सजाय पाएको छैन भनी गरिएको स्वयम घोषणा पत्र ।

(च) संयुक्त साझेदारी भए सम्झौता पत्र

(छ) अख्तियारनामा (उद्योगले चाहेको बखत अख्तियार दिने व्यक्तिले स्वयं उद्योगमा आइ सनाखत गर्नु पर्नेछ )

२.३ उल्लेखित काम सम्बन्धी निम्न कागजातहरु संलग्न भएको फारमलाई दरभाउपत्र फाराम मानिने छ ।

१) दरभाउपत्र आव्हान सूचना नं.२४/०७४/०७५

२) दरभाउपत्र सम्बन्धि दरभाउपत्रदाताहरुलाई दिइएको निर्देशन

३) दरभाउपत्र प्रस्ताव तथा मूल्य विवरण

४) सम्झौता पत्र

५) सझौताका शर्तहरु

२.४ बिड बण्डः

दरभाउपत्रदाताले दरभाउपत्र साथ रु.२५,०००।- (पच्चिस हजार मात्र) रकम धरौटी (बिड बण्ड) वापत दरभाउपत्र खोलेको मिति देखि ७५ (पचहत्तर) दिन सम्म म्याद भएको "क" श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बैक जमानत वा यस उद्योगको देहायका बैंकहरुमा रहेको निम्न लिखित च.हि.नं.हरु मध्ये कुनै पनि खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

| सि.नं. | बैंकको नाम | स्थान | च.हिसाव नं. |
|---|---|---|---|
| 1. | Nepal Bank Ltd. | Hetauda | 025001004415001 |
| 2. | Rastriya Banijya Bank | " | 130000037701 |
| 3. | Bank of Kathmandu Lumbini Ltd. | " | 15700100027524 |
| 4. | Nepal Bangladesh Bank Ltd | " | 009001731 C |
| 5. | Himalayan Bank Ltd. | " | 1100850420015 |
| 6. | Nabil Bank Ltd. | " | 2301017500011 |
| 7. | Century Commercial Bank Ltd. | " | 0260000126CA |
| 8. | Sanima Bank Ltd. | " | 0250000015001 |
| 9. | Everest Bank Ltd. | " | 4200105200052 |
| 10. | Nabil Bank Ltd. | Kathmandu | 4801017500130 |
| 11. | Nepal SBI Bank Ltd. | Hetauda | 20025240200093 |
| 12. | Agriculture Development Bank Ltd. | " | 508500273881016 |
| 13. | Siddhartha Bank Ltd. | " | 2515025912 |
| 14. | Prabhu Bank Ltd. | " | 9011600280390000001 |
| 15. | Civil Bank | " | 2910060429018 |
| 16. | NIC Asia Bank | " | 6841488965524001 |
| 17. | Megha Nepal Bank Ltd. | " | 500010010471 |
| 18. | Citizens Bank International Ltd. | " | 0340000340 CA |
| 19. | Sunrise Bank Ltd. | " | 0560436527701001 |
| 20. | Nepal Credit & Commerce Bank Lltd. | " | 0650000159801 |

२.५ दरभाउपत्र प्रस्ताव लाहा छापद्वारा शिलबन्दी गरि खाम बाहिर दरभाउपत्रदाताको नाम र ठेगाना खुलाई पर्दा कपडा तथा लिनोलियम कार्पेट आपूर्तिको दरभाउपत्र आव्हान सूचना नं.२४/०७४/०७५" भनि प्रष्ट उल्लेख गर्नु पर्नेछ । साथै दरभाउपत्रदाताले आफ्नो फोन/मोबाईल र इमेल ठेगाना पनि उल्लेख गर्नु पर्नेछ र सो फोन/मोबाईल र इमेल गरिएको पत्र समेत दरभाउपत्रदाताले पाएको मानिने छ ।

२.६ निम्न लिखित रित नपुगेको दरभाउपत्र मा कारवाही गरिने छैन ।

क) उद्योगबाट विक्री भएको दरभाउपत्र फाराम नभरिएको ।

ख) पेश भएको प्रस्तावको खाम सिलवन्दी नभएको ।

ग) दरभाउपत्र मा पेश गर्नेको सहीछाप नभएको ।

घ) म्याद भित्र दाखिला नभएको ।

ङ) दरभाउपत्र फारमको शर्त अनुसार धरौटी (विड वण्ड) नभएको वा न्यून भएको वा समय भित्र प्राप्त नभएको ।

च) दरभाउपत्रमा माग गरिए अनुसारको आवश्यक कागजातको विवरण दरभाउपत्रको साथ पेश नगरेको ।

२.७ शर्त राखी पेश गरेको दरभाउपत्र प्रस्ताव रद्द गर्न सकिने छ । साथै एक पटक पेश गरीसकेको दरभाउपत्र म्याद समाप्त भए पश्चात संशोधन वा फिर्ता लिन पाइने छैन ।

२.८ अस्वीकृत दरभाउपत्रदाताहरुको धरौटी (बिड बण्ड) स्वीकृत दरभाउपत्रदातासँग सम्भौता भएपछि फिर्ता गरिनेछ । स्वीकृत दरभाउपत्रदाताको धरौटी (विड बण्ड), कार्य सम्पादन दस्तुर (परफरमेन्स बण्ड) जम्मा गरे पछि मात्र फिर्ता गरिने छ ।

२.९ <u>बिड बण्ड जफत:</u>

निम्नलिखित अवस्थामा दरभाउपत्रदाताको बिड धरौटी रकम जफत गर्न सकिने छ ।

(क) स्वीकृत दरभाउपत्रदाताले उद्योगले जारी गरेको, प्रस्ताव स्वीकार पत्र नबुझेमा ।

(ख) स्वीकार पत्र बुझि म्याद भित्र कार्य सम्पादन दस्तुर जम्मा नगरी सम्झौता गर्न नआएमा

(ग) दरभाउपत्रको मूल्यांकन गर्दा मूल्य विवरणमा अंकगणितिय त्रुटीलाइ सच्याइएको मुल्य विवरणलाइ दरभाउपत्रदाताले स्वीकार नगरेमा ।

२.१० दरभाउपत्रदाताले प्रस्ताव दर्ता गराउनु अगावै उद्योगको खरिद विभागमा सम्पर्क गरी पर्दाको कपडा तथा लिनोलियम कार्पेटको नमूना,स्थलगत निरिक्षण गरी बुझ्नु पर्नेछ । पछि यस सम्बन्धि कुनै विषयमा उद्योगलाई ईंगित गर्ने वा अनभिज्ञता जाहेर गर्न पाईने छैन ।

२.११ दरभाउपत्रदाताले बोलपत्र सम्बन्धमा बुझ्न उद्योगमा आउँदा, दरभाउपत्र तयार गर्न तथा दाखिला गर्न लागेको सम्पूर्ण खर्च दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

२.१२ दरभाउपत्रदाताले मूल्य विवरण पानामा आपूर्ति गरिने कार्पेट तथा पर्दाको कपडाको इकाई दर र कुल मूल्य उल्लेख गर्नु पर्नेछ ।

२.१३ दरभाउपत्रदाताले इकाई दर अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । इकाई दर र कुल रकममा फरक परेमा इकाई दरको आधारमा कुल रकम सच्याई हिसाव गरिनेछ । सो अनुसार सच्याइएको रकम दरभाउपत्र दाताले स्वीकार गर्नु पर्ने छ ।

२.१४ दरभाउपत्रदाताले दरभाउपत्र फारमको प्रत्येक पानाहरुमा दस्तखत गरि सफा र स्पष्ट सँग आफ्नो दरभाउ उल्लेख गरी पेश गर्नु पर्नेछ । केरमेट भए सो ठाउँमा आधिकारिक व्यक्तिले दस्तखत गर्नु पर्नेछ ।

२.१५ दरभाउपत्रमा उल्लेखित दर (स्वीकृत प्रयोजनको लागि) दरभाउपत्र प्रस्ताव खोलेको मितिले ४५ दिन सम्म मान्य हुनु पर्नेछ ।

२.१६ दरभाउपत्रमा उल्लेखित दर प्रस्ताव स्वीकृत भएको मिति देखि आपूर्ति कार्य सम्पन्न नभए सम्मको लागि कायम रहने छ । बिचमा मूल्य बृद्धि गरिने छैन ।

२.१७ स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र स्विकृत भएको पत्र बुझेको मितिले ७ (सात) दिन भित्र मू.अ.कर सहितको कुल स्वीकृत रकमको ५ (पाँच) प्रतिशत रकम कार्य सम्पादन दस्तुर (परफरमेन्स बण्ड) वापत ठेक्का सम्झौताको म्याद भएको दरभाउपत्र फारमको शर्त नं. २.४ मा उल्लेख भए वमोजिम हुने गरी बनाईएको बैंक प्रत्याभूति वा सक्कल बैंक भौचर उद्योगमा पेश गरी ठेक्का सम्झौता गर्नु पर्नेछ ।

२.१८ दरभाउपत्रदाताले पेश गरेको दर रकममा सबै करहरु (मु.अ.कर समेत) समावेश गरेको हुनु पर्नेछ । दरभाउपत्र स्वीकृत भएमा प्रचलित नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर खुलाई बिल पेश गर्नु पर्नेछ र सोही अनुसार भुक्तानी हुनेछ ।

२.१९ आपूर्तिः सम्झौता भएको मितिले १ महिना भित्र सम्पूर्ण परिमाणको पर्दा कपडा तथा लिनोलियम कार्पेटको आपूर्ति गरि सक्नु पर्नेछ ।

२.२० भुक्तानीः आपूर्ति गरिने पर्दाको कपडा तथा लिनोलियम कार्पेट उद्योगले तोकेको नमुना अनुसारको गुणस्तर बमोजिम नै हुनुपर्नेछ । साथै पर्दा कपडा तथा लिनोलियम कार्पेट उद्योगको माग अनुसारको सम्पूर्ण परिमाण सन्तोषजनक आपूर्ति सम्पन्न भई सम्बन्धित विभागको सिफारिस सहितको कर विजक पेश गरे पछि सत्प्रतिशत (१००%) भुक्तानी गरिनेछ ।

२.२१ दरभाउपत्र प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा सम्पूर्ण दरभाउपत्र प्रस्तावलाई कुनै कारण नजनाई रद्द गर्न सक्ने अधिकार यस उद्योगमा सुरक्षित रहनेछ ।

२.२२ आचरण तथा कालोसूचीमा राख्ने तथा फुकुवा गर्ने सम्बन्धि व्यबस्था सार्वजनिक खरिद ऐन २०६३ तथा सोही ऐनको नियमावली २०६४ अनुसार हुनेछ ।

२.२३ दरभाउपत्र सम्बन्धी सम्पूर्ण कारवाही/पत्राचार नेपाली वा अंग्रेजी भाषामा हुनु पर्ने छ ।

२.२४ सूचनाले निर्धारण गरेको मिति र समय भित्र शिलवन्दी दरभाउपत्र पेश गरी सक्नु पर्नेछ ।

२.२५ प्राप्त दरभाउपत्र प्रस्तावहरु दरभाउपत्रदाताहरुको उपस्थिति वा अनुपस्थितिमा उद्योगका प्रतिनिधिहरुको रोहवरमा तोकिएको स्थान, मिति र समयमा खोलीने छ र सो को अभिलेख राखिने छ ।

२.२६ दरभाउपत्रसँग सम्बन्धित प्रकृयाहरु (मूल्याकङ्न, तुलना, सिफारिस आदि) गोपनिय रहने छ । कुनै पनि दरभाउपत्रदाताले निर्णय प्रकृयामा कुनै किसिमको दवाव वा प्रभाव पार्न खोजेमा निजको दरभाउपत्र रद्द गर्न समेत सकिने छ ।

२.२७ उद्योगले दरभाउपत्र प्रस्ताव मुल्याङ्कन गर्नु पूर्व प्राप्त दरभाउपत्र प्रस्तावहरु देहाय बमोजिम रित पुगको छ वा छैन परिक्षण गरिने छ ।

(क) २.२ अनुसार योग्यता पुगे नपुगेको ।

(ख) आधिकारीक व्यक्तिको दस्तखत भए नभएको ।

(ग) सारभुत रुपमा दरभाउपत्रमा उल्लेखित कागजातहरु पेश भए नभएको ।

२.२८ सामान्यतया उद्योगले दरभाउपत्र प्रस्ताव खोलेको मितिले १५ दिन भित्र खरिद सम्झौताको निर्णय गर्नेछ । सो निर्णय

(क) लागत मुल्याकन भित्र भएको

(ख) सारभुत रुपमा न्यूनतम दरभाउपत्र प्रस्ताव भएको र

(ग) दरभाउपत्रदाताको योग्यता सम्बन्धी शर्त पुरा भएको आधारमा गरिनेछ ।

२.२९ दरभाउपत्रदाताले आफुले आपूर्ति गर्ने पर्दा कपडा तथा लिनोलियम कार्पेटमा आफ्नो फर्मको छाप लगाई दस्तखत गरी स्याम्पल (नमूना) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२.३० दरभाउपत्रसम्बन्धमा केही कुरा बुझ्न परेमा कार्यालय समय भित्र खरिद विभागमा सम्पर्क राख्न सकिनेछ ।

हेटौंडा सिमेण्ट उद्योग लि.
केन्द्रिय कार्यालय, हेटौंडा
फोन नं. ०५७-४१२८५२, ४१३०२०
फ्याक्स नं. ०५७-४१२१२३
इमेलः info@hetaudacement.org.np
Website: www.hetaudacement.org.np

# ३) सम्झौताका शर्तहरु

# ३. सम्झौताका शर्तहरु

१. परिभाषा :

तलका शव्द तथा अभिव्यक्तिको अर्थ निम्नानुसार हुने छ :–

(क) "सम्झौता" भन्नाले खरिदकर्ता र आपूर्तक बीच भएको सम्झौता, सो मा उल्लेख भएका सम्झौता सम्बन्धी कागजातहरु लगायत त्यसमा संलग्न अन्य कागजात, अनुसूची तथा सन्दर्भले जोडिएका अन्य सबै कागजातहरु समेतलाई जनाउने छ ।

(ख) "कार्य सम्झौता सम्बन्धी कागजात" भन्नाले सम्झौतामा उल्लेख गरिएका कागजातहरु र त्यसमा भएको संशोधन समेतलाई जनाउने छ ।

(ग) "सम्झौता मूल्य" भन्नाले सम्झौता बमोजिम आपुर्तक लाई भुक्तानी गर्नु पर्ने भनिएको र सम्झौता अनुसार त्यसमा थपघट गर्ने गरी समायोजन समेत भई कायम भएको मूल्यलाई जनाउने छ ।

(घ) "दरभाउपत्रदाता" भन्नाले प्रस्तावित काम सम्पन्न गर्नका लागि कार्पेट तथा पर्दाको कपडा आपूर्तकले निजको दरभाउपत्र स्वीकृत गरी सम्झौतामा दरभाउपत्रदाता भनि नाम उल्लेख गरेको कुनै व्यक्ति, निजी वा सरकारी निकाय वा दुवैको संयुक्त स्वरुप र कानून बमोजिम यस्तो निकायको उत्तराधिकारी समेतलाई जनाउने छ ।

(ङ) "खरिदकर्ता" भन्नाले सामान खरीद गर्ने निकाय सम्झनु पर्ने छ र सो अनुसार हेटौडा सिमेन्ट उद्योग लि.लाई खरीदकर्ता जनाउने छ ।

(च) "वस्तु (The Goods)" भन्नाले कार्य विवरण (Works Schedule) मा उल्लेख भए बमोजिम पर्दा तथा लिनोलियम कार्पेट सम्झनु पर्नेछ ।

(छ) "सेवा (Services)" भन्नाले वस्तुको आपुर्ति संग सम्बन्धित ती सहायक सेवा (Ancillary Services) जस्तै ढुवानी, बीमाका साथै जडानी, संचालन परीक्षण, संचालन र निर्माण सम्बन्धि तालिम आदि समेतलाई सम्झनु पर्छ ।

२. आपूर्तकको कार्य क्षेत्र (Scope of work) उद्योगले तोकेको संलग्न स्पेसिफकेशन र उद्योगको नमुना अनुसारको पर्दा कपडा १५०० मिटर तथा लिनोलियम कार्पेट १५०० मिटर सन्तोषजनक रुपमा आपूर्ति सम्पन्न गर्नु पर्नेछ ।

३. सम्झौता कार्यान्वयनको अवधिमा उद्योगको विचारमा मुख्य कार्यक्षेत्र वा कुनै किसिमको हेरफेर गर्न (विचलन/परिवर्तन Deviation/variation) आवश्यक लागेमा सो हेरफेर गर्न सक्ने अधिकार उद्योगमा सुरक्षित रहने छ ।

४. भुक्तानीः सम्पूर्ण सामान प्राप्त भई स्वीकार्य भए पछि एकाउण्टपेयी चेक मार्फत भुक्तानी गरिनेछ ।

५. कार्य सम्पादन दस्तुर जफतः निम्नलिखित मध्ये कुनै पनि अवस्थामा कार्य सम्पादन दस्तुर ( परफरमेन्स बण्ड ) जफत गरी सम्झौता रद्द गर्न सकिने छ ।

(क) सम्झौता गर्न आउन लेखिएको पत्रको आधारमा कार्य सम्पादन दस्तुर जम्मा गरेको तर सम्झौता गर्न नआएको अवस्थामा ।

(ख) सम्झौता बमोजिम कार्य शुरु नगरेमा वा कार्य बीचैमा छाडेमा वा तोकिएको परिमाण अनुसार निर्धारित समयमा कार्य नगरेमा ।

(ग) यस सम्झौताका शर्तहरुको पालना नगरेमा ।

६. प्रचलित नियमानुसार लाग्ने सम्पूर्ण कर तथा महशुलहरु सम्बन्धित आपूर्तकले नै व्यहोर्नु पर्नेछ ।

७. सम्पूर्ण परिमाणको पर्दा कपडा तथा लिनोलियम कार्पेट आपूर्ति कार्य सम्पन्न नभएसम्म यस सम्बन्धमा उद्योगले दिएको निर्देशनहरुको आपूर्तकले पालना गर्नु पर्नेछ ।

८. आपूर्तकले आफ्नो कार्य तथा आचरणको कारण उद्योगलाई कुनै किसिमको थप दायित्व पार्ने छैन ।

९. आपूर्तकले पर्दा कपडा तथा लिनोलियम कार्पेट आपूर्ति कार्य गर्दा प्रदत्त नियमको पालना गर्नु पर्ने छ ।

१०. मूल्य (Price) :

दरभाउपत्रमा उल्लेखित दर प्रस्ताव स्वीकृत भएको मिति देखि सम्पूर्ण कार्य सम्पन्न नभए सम्म कायम रहने छ । बिचमा मूल्य परिवर्तन हुने छैन ।

११. आदेश परिवर्तन (Order Change) : आवश्यक नभएको ।

१२. क्षतिपूर्ति (Liquidate Damage) :

मुनासिव कारण भएको अवस्थामा वाहेक तोकिएको समयमा पर्दाको कपडा तथा लिनोलियम कार्पेट आपूर्ति कार्य नगरेमा ढिलो भएको परिमाणको रकम (मु.अ.कर वाहेक) प्रति दिन ०.०५% ले जरिवाना लाग्ने छ र सो जरिवाना अधिकतम कुल ठेक्का रकमको १०% भन्दा बढी हुने छैन।

१३. विवाद समाधान :

१. सम्झौता भित्रका कुरा वा सम्झौताका सम्बन्धमा उत्पन्न कुनै विवाद वा असमझदारीलाई समाधान गर्न यस उद्योगले दरभाउपत्रदातासँग प्रत्यक्षरुपमा अनौपचारिक वार्ताको माध्यमबाट आपसी समझदारीमा समाधान गर्न हर प्रयास गर्ने छ ।

२. पारस्परिक परामर्शमा यस्तो विवाद वा भिन्नता लाई परामर्श शुरु भएको ३० दिन भित्र समाधान गर्न दुवै पक्षहरु असफल भएमा जुनसुकै पक्षले विवाद समाधानका लागि मध्यस्थता (Arbitration) का लागि लिखित सूचना दिनु पर्ने छ ।

२.१ यस्तो विवाद मध्यस्थतावाट (Arbitration) समाधान गरिने छ । यस्तो मध्यस्थता पर्दा कपडा तथा लिनोलियम कार्पेट आपूर्ति हुनु अगावै वा पछाडी गर्न सकिने छ ।

२.२ यस्तो मध्यस्थताको प्रक्रिया नेपालको प्रचलित मध्यस्थता परिषद (Rule of Nepal Council of Arbitration) अनुसार सञ्चालन हुनेछ ।

३. मध्यस्थतामा उल्लेख नभएका विषयको हकमा

(क) दुवै पक्षले अन्यथा स्वीकार नभएको अवस्थामा सम्झौता अनुसारका दुवै पक्षले आफ्नो दायित्वका कार्य जारी राख्ने छ ।

(ख) उद्योगले पर्दा कपडा तथा लिनोलियम कार्पेट आपूर्तक लाई दिनु पर्ने रकम भुक्तानी दिने छ ।

१४. भाषा (Governing Language):

यस दरभाउपत्रसँग सम्बन्धित भाषा नेपाली वा अंग्रेजी हुने छ ।

१५. लागु हुने कानून (Applicable Law) :

नेपालको प्रचलित कानून लागु हुने छ ।

१६. पत्राचार ठेगाना (Address):

१. खरिद कर्ताको ठेगाना : हेटौंडा सिमेण्ट उद्योग लि.
केन्द्रीय कार्यालय, हेटौंडा
फोन नं. ०५७- ४१२८५२, ४१३०२०
फ्याक्स नं. ०५७-४१२१२३
इमेल: info@hetaudacement.org.np

२. आपूर्तकको ठेगाना :

(यो ठेगानामा गरिएको पत्राचार आधिकारीक मानिनेछ, कुनै पनि सूचना फिर्ता आएमा सो को जिम्मेवारी स्वयं आपूर्तक हुनु पर्नेछ । ठेगाना उल्लेख गर्दा आधिकारीक व्यक्तिको फोन नं/मोवाईल नं र फर्मको E-mail Address अनिवार्य हुनु पर्नेछ ।)

१७. कर तथा महशुल (Taxes & Duties):
नेपाल सरकारबाट लागु गरिएको सम्पूर्ण कर महशुल, इजाजत दस्तुर, शुल्क तथा अन्य कुनै दस्तुरहरु आपूर्तकले व्यहोर्नु पर्ने छ ।

१८. पर्दाको कपडा तथा लिनोलियम कार्पेट आपूर्ति कार्य गर्दा ढुवानी लोड अनलोड आदी ठेकेदार आफैले व्यवस्था गर्नु पर्नेछ ।

१९. स्वीकृत दरभाउपत्रदाताको आचरण तथा कालोसुचीमा राख्ने तथा फुकुवा गर्ने सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुने छ ।

२०. दरभाउपत्रदाताले आफुले आपूर्ति गर्ने पर्दाको कपडा तथा लिनोलियम कार्पेटमा आफ्नो फर्मको छाप लगाई दस्तखत गरी स्याम्पल (नमूना) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

# ४) ठेक्का सम्झौता पत्र

# ठेक्का सम्झौता पत्र

बिक्रम सम्बत २०७५ साल **................** महिना ... ... ... गतेका दिन हेटौंडा सिमेण्ट उद्योग लि. (जस लाई यस पछि हे. सि. उ. लि. भनेर सम्बोधन गरिने छ) र श्री **..............** (जसलाई पछि ठेकेदार भनेर सम्बोधन गरिने छ) का बीच हे.सि.उ.लि. द्वारा सामानको विवरण तालिकामा उल्लेख भए अनुसार यस उद्योगको दरभाउपत्र आव्हान सूचना नं.२४/०७४/०७५ अन्तर्गत " पर्दा तथा लिनोलियम कार्पेट आपूर्ति कार्य" को दरभाउपत्र आव्हान गरिएकोमा आपूर्तकले सो कार्य रु. ... ... ... ... ... ... ... (अक्षरेपी रुपैंया »»»»» »»»» »»» »»»» »»»»») मात्रमा सम्पन्न गर्न र सम्भार गर्न दिएको दरभाउपत्र प्रस्ताव स्वीकृत भए बमोजिम सो ठेक्का रकममा यो ठेक्का सम्झौता गरिएको छ ।

अब दुवै पक्ष देहाय बमोजिम सम्झौता गर्न सहमत भएका छौं ।

दरभाउपत्रमा समावेश गरिएको सम्पूर्ण कार्य दरभाउपत्र को शर्त अनुसार आपूर्ति कार्य सम्झौता भएको मितिले ७ दिन भित्र सुरु गरी १ महिना भित्र सम्पूर्ण कार्य सम्पन्न गर्नु पर्नेछ ।

निम्न कागजातहरु यो ठेक्काको व्याख्या गर्नको लागि सम्झौताको रुपमा मानिने छ ।

१) आपूर्तकले मिति ०७५/.. .../.... .... मा पेश गरेको दरभाउपत्र प्रस्ताव ।

२) कार्य विवरण तालिका (Schedule of Item)

३) सम्झौताको शर्तहरु ।

४) हे. सि. उ. लि. को च. नं. ख. .........../०७४/०७५ मिति २०७५/..../.....को दरभाउपत्र स्वीकृत भएको पत्र ।

५) आपूर्तकले मिति ...................... को पत्र साथ पेश गरेको ................. बाट मिति मा जारि भएको जमानी संख्या ................ रकम रु. .................... को परफरमेन्स बण्ड ।

यो सम्झौता र माथी उल्लेखित दस्तावेजहरु बीच विवाद उठेमा सोको निराकरण यो सम्झौता अनुसार हुनेछ । माथी उल्लेखित दस्तावेज नं. (१) देखि (५) को बिचमा विवाद उठेमा क्रमानुसार उल्लेखित दस्तावेजलाई प्राथमिकता दिइने छ ।

अब दुवै पक्षहरु देहाय अनुसार स्वीकार र घोषणा गर्दछनः

ठेकेदारले सामानको विवरण तालिकामा उल्लेखित कार्यको साथै सम्झौतामा उल्लेख भए बमोजिम सम्पूर्ण कार्यहरु गर्नु पर्नेछ । हे. सि. उ. लि. ले उपरोक्त कार्यहरु गरे वापत आपूर्तकलाई रु. .... ... ... ... केन्द्रीय कार्यालय, लामसुरेवाट भुक्तानी दिने छ ।

| हे. सि. उ. लि. को तर्फबाटः | ठेकेदारको तर्फबाट : |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| मिति : | मिति : |
| | |
| साक्षीः | साक्षीः |
| १) | १) |
| २) | २) |

# ५)मूल्य विवरण तालिका

# मूल्य विवरण तालिका

| क्र. सं. | विवरण | परिमाण | दर | | जम्मा रकम रुपैंया पैसा |
|---|---|---|---|---|---|
| | | | अंकमा रुपैंया पैसा | अक्षरमा | |
| १) | पर्दाको कपडा चौडाई-१२० से.मि.(नमुना अनुसार) | १५०० मि. | | | |
| २) | लिनोलियम कार्पेट चौडाई-६फिट.(नमुना अनुसार) | १५०० मि. | | | |
| | | | | जम्मा | |
| | | | | मु.अ.कर १३% | |
| | | | | जम्मा रकम | |
| अक्षरेपी रुपैया | | | | | |

नोटः *मूल्य अभिवृद्धि करको दर तथा रकम कार्य सम्पन्न भएको बेला वा बिल बनाउने बेलामा तत्काल प्रचलित दर अनुसार हिसाब गरी भुक्तानी गरिनेछ।*

दरभाउपत्रदाताको नाम :

ठेगाना :

फोन नं. :

दस्तखत :

ईमेल :

छाप :

# ६) नमुना फारमहरु

# ६) नमुना फारमहरु

## क) दरभाउपत्र पेश गरेको निबेदनः

(दरभाउपत्रदाता फर्म संस्था वा कम्पनीको लेटर प्याडमा)

मितिः … … … … … …

श्री… … … … … … … …
… … … … … … … … …

महाशय,

हामीले दरभाउपत्र सम्बन्धी कागजातमा समावेश भएका कागजातहरु अध्ययन गर्‍यौं । प्रस्तुत कार्य रु. ……. ….. ……..(अंकमा) ……………………………… ………………. …..(अक्षरमा) मा अथवा खरिदकर्ताबाट ठहर भएको रकममा गर्न हाम्रो मन्जुरी भएकोले यो दरभाउपत्र पेश गरेका छौ ।

यो दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखी ४५ दिन रहने छ । यो दरभाउपत्र र खरिदकर्ताबाट दिईएको दरभाउपत्र स्वीकृतिको पत्रले हामी सम्झौता गर्न बाध्य हुनेछौं ।

प्रस्तुत कामको लागि सवैभन्दा घटी कबोल गर्ने वा कुनै पनि दरभाउपत्रदाताको दरभाउपत्र स्विकृत गर्न खरिदकर्ता बाध्य नभएको कुरा हामीले बुझेका छौं ।

हामी खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको घोषणा गर्दछौं ।

यसै साथ संलग्न भएको फेहरिस्त बमोजिमका कागजातहरु दरभाउपत्र साथ पेश गरेका छौं ।

भवदिय
हस्ताक्षरः………………………………

फर्म, संस्था वा कम्पनीको तर्फबाट
हस्ताक्षर गर्ने आधिकारीक व्यक्तिको नामः
पद : ………………………………
दरभाउपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम र ठेगानाः
फोनः
फ्याक्सः
इमेलः
छापः
मिति : ………………………

## ख) दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरुः

| सि.नं. | विवरण | पेश गरे वा नगरेको उल्लेख गर्ने |
|---|---|---|
| (क) | फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि | |
| (ख) | व्यवसाय दर्ताको ईजाजतपत्रको प्रतिलिपि, | |
| (ग) | मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्रको प्रतिलिपि, | |
| (घ) | आन्तरिक राजश्व विभागबाट आ.व.२०७३/०७४ को कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि, | |
| (ङ) | दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र | दरभाउपत्र पेश गरेको निबेदनमा घोषणा गरी सकेको |
| (च) | दरभाउपत्रमा हस्ताक्षर गर्न अधिकारनामा पत्र | |
| (छ) | दरभाउपत्र जमानतको सक्कल प्रति | |
| (ज) | संयुक्त उपकम सम्बन्धी सम्झौताको सक्कल प्रति | |
| (झ) | अन्य (कुनै भए उल्लेख गर्ने) | |

## ग) दरभाउपत्र दाताको जानकारी सम्बन्धी विवरणः

(दरभाउपत्रदाताले दरभाउपत्र साथ देहायको विवरण भरी पेश गर्नु पर्नेछ । संयुक्त उपकमबाट दरभाउपत्र पेश गर्ने भएमा यो विवरण फाराम संयुक्त उपकमका सबै साझेदारहरुले छुट्टाछुट्टै भरी पेश गर्नु पर्नेछ)

*तलको विवरण अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।*

| | | |
|---|---|---|
| १. | दरभाउपत्रदाताको नामः | |
| २ | दरभाउपत्रदाताको ठेगानाः | |
| ३ | दरभाउपत्रदाताको टेलिफोन नम्बरः | |
| ४ | दरभाउपत्रदाताको मोबाईल नम्बरः | |
| ५ | दरभाउपत्रदाताको ईमेलः | |
| ६ | दरभाउपत्रदाताको फर्म दर्ता भएको जिल्लाः | |
| ७ | दरभाउपत्रदाताको फर्म दर्ता भएको बर्षः | |
| ८ | दरभाउपत्रदाताले दरभाउपत्रमा हस्ताक्षर गर्न अधिकार दिएको व्यक्तिको नामः<br>ठेगानाः<br>टेलिफोन नम्बरः<br>मोवाईल नम्बरः<br>फ्याक्स नम्बरः<br>इमेलः | |

## घ) <u>संयुक्त उपकम सम्बन्धी विवरणः</u>

(दरभाउपत्रदाताले संयुक्त उपकमबाट दरभाउपत्र पेश गर्ने भएमा यो विवरण फाराम भरी पेश गर्नु पर्नेछ)

| | | |
|---|---|---|
| मूख्य साझेदार | संयुक्त *उपक्रमको मूख्य साझेदारको नामः-*<br>*मूख्य साझेदारको हिस्साः-*<br>दर्ता भएको ठाउँको नाम :-<br>*मूख्य साझेदारको* व्यवसाय *दर्ता भएको स्थानः-*<br>साझेदारीको प्रतिशतः- | |
| साझेदार | संयुक्त *उपक्रमको अन्य साझेदारको नामः-*<br>*अन्य साझेदारको हिस्साः-*<br>दर्ता भएको ठाउँको नाम :-<br>*अन्य साझेदारको* व्यवसाय *दर्ता भएको स्थानः-*<br>साझेदारीको प्रतिशतः- | |
| | दरभाउपत्रमा हस्ताक्षर गर्न अख्तियारनामा पाउने साझेदारको नामः- | |

## ङ)दरभाउपत्र स्वीकृत गर्ने आशयपत्रः

मितिः २०७५...../......

श्री ... ... ... ... .... ...
.... .... ... .... .... ...
... ... ... ... ... ... ...

बिषयः- **दरभाउपत्र स्वीकृत भएको जानकारी पत्र ।**

मिति २०७५/ / गतेको दरभाउपत्र आव्हानको सूचना बमोजिम पेश गरेको तपाइको ...............को मूल्यांकित रकम रु......................र मु.अ.कर रु................समेत जम्मा रु.............................को दरभाउपत्र स्वीकृत गरिएको छ ।

यो पत्र प्राप्त भएको मितिले ७ दिन भित्र औपचारिक रुपमा कार्य सम्झौता गर्न यस कार्यालयमा सम्पर्क गर्न निर्देशन दिइन्छ । कार्य सम्झौताको शर्त अनुसार, सम्झौताको विशेष शर्तमा उल्लेख भएको रकम बराबरको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने छ ।

माथि उल्लेखति समयावधि भित्र कार्य सम्पादन जमानत सहित सम्झौतामा हस्ताक्षर गर्न उपस्थिति नभएमा नियमानुसार दरभाउपत्र जमानत जफत प्रकृया अगाडि बढाइने व्यहोरा समेत सुचित गरिन्छ ।

बोधार्थः
(सबै दरभाउपत्रदाताको नाम उल्लेख गर्ने)

(........................)
प्रमुख
खरिद विभाग

# च) **Bid Security:**

Date :2075/ /

To :-

M/S HETAUDA CEMENT INDUSTRIES LTD, Lamsure , Hetauda -9 ,Makawanpur

Whereas, **[name of Bidder]** (hereinafter called "the Bidder") has submitted his Sealed Quotation (SQ) dated **[date of submission of SQ]** for the **Supply And Delivery of Curtain & Linoleum Carpet** (hereinafter called "the Sealed Quotation").

KNOW ALL PEOPLE by these presents that WE **[name of Bank]**

of Nepal having our registered office at **[address of bank]** (hereinafter called "the Bank") are bound unto **[name of the procuring entity]** (hereinafter called "the Purchaser") in the sum of **[specify amount in figure and words]** for which payment well and truly to be made to the said Purchaser, the Bank binds itself, its successors, and assigns by these presents. Sealed with the Common Seal of the said Bank this ________ day of __________________ 20______.

THE CONDITIONS of this obligation are:

(1) If, the Bidder withdraws its SQ during the period of bid validity specified by the Bidder on the SQ Form; or

(2) If the Bidder having been notified of the acceptance of its SQ by the Purchaser during the period of bid validity:

(a) Fails or refuses to execute the Contract Form, if required; or

(b) Fails or refuses to furnish the performance security, in accordance with the Instruction to Bidders;

we undertake to pay to the Purchaser up to the above amount upon receipt of its first written demand, without the Purchaser's having to substantiate its demand, provided that in its demand the Purchaser will note that the amount claimed by it is due to it owing to the occurrence of one or both of the two conditions, specifying the occurred condition or conditions.

This guarantee will remain in force up to Seventy five (75) days from the date of opening of the Sealed Quotation, and any demand in respect thereof should reach the Bank not later than the above date.

______________________________________________

***[signature of the bank]***

_________________________________________________

***[common seal of the bank]***

## छ) Performance Security

Date :

To: HETAUDA CEMENT INDUSTRIES LTD, LAMSURE,HETAUDA-9,MAKAWANPUR

WHEREAS **[name of Supplier]** (hereinafter called "the Supplier") has undertaken, in pursuance of Contract No. **[reference number of the contract]** dated 20_____ for **Supply And Delivery of Curtain & Nilloneum Carpet** (hereinafter called "the Contract").

AND WHEREAS it has been stipulated by you in the said Contract that the Supplier shall furnish you with a bank guarantee by a reputable bank for the sum specified therein as security for compliance with the Supplier's performance obligations in accordance with the Contract.

AND WHEREAS we have agreed to give the Supplier a guarantee:

THEREFORE WE hereby affirm that we are Guarantors and responsible to you, on behalf of the Supplier, up to a total of **[amount of the guarantee in words and figures]**, and we undertake to pay you, upon your first written demand declaring the Supplier to be in default under the Contract and without cavil or argument, any sum or sums within the limits of [amount of guarantee] as aforesaid, without your needing to prove or to show grounds or reasons for your demand or the sum specified therein.

This guarantee is valid until the _________ day of ______________20_____.

Signature and seal of the Guarantors

_____________________________________________

**[name of bank or financial institution]**

_____________________________________________

**[address]**

_____________________________________________

**[date]**

## **General Guideline for Tender Bidder**

**(दरभाउपत्र फाराम भर्ने सम्बन्धमा दरभाउपत्रदाताहरुको जानकारी को लागि सुझाव )**

**दरभाउपत्रदाताहरुले प्रस्ताब फाराम भर्दा निम्नानुसारको कुराहरुमा ध्यान दिनु हुन अनुरोध गरिन्छ ।**

१) दरभाउपत्रको सूचना प्राय : जानकारीको लागि गोरखापत्र र उद्योगको वेबसाईटमा प्रकासित हुनेछ । गोरखापत्रमा सूचना प्रकासित भए पछि सो सूचना राम्रोसंग पढि **दरभाउ**पत्र फारामको बिस्तृत विवरण नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np मा गई आफनो फर्मको नाम रजिष्ट्रेसन गरे पश्चात प्राप्त password बाट Login गरी **दरभाउ**पत्रको सूचना र दरभाउपत्र फारामको विस्तृत जानकारी download गरी हेर्न सकिनेछ । साथै उद्योगको वेवसाईट www.hetaudacement.org.np बाट समेत वोलपत्र आह्वानको सूचना हेर्न/पढनका साथै बोलपत्र फाराम डाउनलोड गर्न सकिनेछ । वा दरभाउपत्रदाताको लिखित अनुरोधमा तोकिएको दस्तुर तिरी फाराम खरिद गर्न सकिनेछ ।

२) दरभाउपत्रदाताले आफनो फर्मको तर्फबाट दरभाउ प्रस्ताव तोकिएको मिति र समय भित्र हातैले उद्योगको केन्द्रिय कार्यालय लामसुरेमा दर्ता गर्न सकिनेछ । साथै नेपाल सरकार सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np मार्फत बिद्युतिय प्रस्ताब पेश गर्न चाहने दरभाउपत्रदाताहरुले सोही वेबसाईटमा तोकिए बमोजिमका आबश्यक प्रकृया पुरा गरी प्रस्ताब दर्ता गर्न सकिने छ । बिद्युतिय माध्यमबाट दरभाउपत्र प्रस्ताब पेश गर्ने प्रस्ताबदाताहरुले सक्कल वोलपत्र प्रस्ताब ( Hard Coppy ) प्रस्ताब खलेको ७ दिन भित्र अनिवार्य पेश गर्नु पर्ने छ ।

३) दरभाउपत्र फाराम खरिद गर्दा जुन फर्मको नामबाट रसिद काटीएको छ सोही फर्मकै नाममा प्रस्ताब पेश गर्नु पर्ने छ । नेपाली फर्महरुले आफ्नो बिदेशी प्रिन्सिपल पार्टीको तर्फबाट स्थानिय एजेण्टको हैसियतले दरभाउपत्र प्रस्ताब पेश गर्दा प्रिन्सिपलकै नाममा पेश गरी विडबण्डमा समेत सोही ब्यहोरा स्पष्ट लेखिएको हुनु पर्ने छ । नेपाली फर्मले विड गरेको अबस्थामा भुक्तानी नेपाली रुपैयाँमा नै गरिनेछ ।

४) नेपाल सरकार,सार्बजनिक अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np मार्फत प्रस्ताब दर्ता गर्न चाहने दरभाउपत्रदाताले अन्तिम समयसम्म पर्खेर बस्नु भन्दा पनि कम्तिमा २ दिन पहिले नै आवश्यक कागजात तयार पारी website मा Upload गर्दा विधुतिय अबरोध, ईण्टरनेट तथा वेवसाईटमा गडबढी आदिबाट श्रृजना हुने संभाबित अबरोध बाट बच्न सकिनेछ ।

५) दरभाउपत्रदाताले वोलपत्र सूचनामा तोकीए बमोजिमको रकम र अबधी पुग्ने गरी ( बैंक जमानतको म्याद ) विडबण्ड पेश गर्नु पर्छ । दरभाउपत्र प्रस्ताबको खाममा विडबण्ड बापत नगद राख्नु हुदैन ।

६) दरभाउपत्र फारामको Instruction to Biddder का सबै बुँदा राम्रोसँग हेरी प्रस्ताब पेश गर्नु पर्छ ।

७) दरभाउपत्र फारामको हरेक पानामा दरभाउपत्रदाता फर्मको तर्फबाट अधिकारप्राप्त व्यक्तिले दस्तखत गरी फर्मको छाप समेत लागे नलागेको जांच गर्नु पर्छ ।

८) दरभाउपत्र फारामको मुल्य उल्लेख गर्ने स्थानमा आफुले पेश गर्न चाहेको मुल्य अंक र अक्षर दुवैमा भर्नु पर्छ

९) आवश्यकता अनुसार दरभाउपत्रदाताले आफुले आपूर्ती गर्न चाहेको सेवा वा सामानको व्राण्ड, वारेण्टी ग्यारेण्टी, दिन सकिने छुट आदि वारे स्पष्ट रुपमा उल्लेख गर्नु का साथै सामानको लिफलेट, क्याटलग संलग्न गर्नु पर्छ ।

१०) दरभाउपत्रदाताले दरभाउ प्रस्ताब फाराम भर्दा केरमेट भएको ठांउमा दस्तखत भए नभएको जांच गर्नु पर्छ ।

११) दरभाउपत्र फारामसाथ पेश गर्नु पर्ने कागजातहरुको प्रतिलिपि नोटरी पब्लीकबाट प्रमाणित गरेको हुनु पर्छ ।

१२) दरभाउपत्रदाताले आपूर्ति गरिने सामान वा सेवाको लागि निर्माता वा उत्पादक कम्पनीको आधिकारिक पत्र आबश्यक भनी लेखिएको अबस्थामा सो पत्र पेश गर्नु पर्छ ।

१३) दरभाउ प्रस्ताब फाराममा ISO Certificate दिनु पर्ने उल्लेख भए सो को प्रमाणित प्रति दरभाउ प्रस्ताब साथ संलग्न गरे, नगरेको तथा SGS/LLOYED/Beuro Vasritas जस्ता संस्थाबाट Test cerificate दिनु पर्ने उल्लेख गरेको भए सो अनुसार Test गराई सामान दिन सकिने, नसकिने राम्रो संग बुझि प्रस्ताव पेश गर्नु पर्छ ।

नोट :–दरभाउपत्रदाताहरुले बेलाबेलामा भुल गर्ने गरेको कारण उपरोक्त ब्यहोरा स्मरण गराईएको भएतापनि दरभाउपत्र सूचना तथा फाराममा उल्लेखित कुराहरु मुख्य रुपमा आधिकारिक हुने भएकोले दरभाउपत्र फाराम राम्रो संग अध्ययन गरी सोही अनुसार प्रस्ताब पेश गर्न अनुरोध गरिन्छ ।

खरिद विभाग
हेटौडा सिमेण्ट उद्योग लि